# खत

— गान्धिराज भट्टराई

अघिल्लो राती अबेलासम्म काम गरेर सुतेकोले विहान आलस्य भएर अबेला उठें । दाह्री काट्ने बेला आफ्नो अनुहारलाई नियालें । तपाईंले पनि याद गर्नुभएको होला मेरो देब्रेपट्टि गालाको माथिल्लो छेउमा कन्पट्टीदेखि आंखाको कोश मुनिसम्म तेर्सिएको खत । म सोह्र वर्ष हुंदा लागेको खत हो यो । यस्तै खत हाम्रो छिमेकी लाहुरे भिनाजुको पनि थियो । हामी दुवै जनालाई साता दिनको अन्तरमा चोट लागेको थियो । त्यसैले पनि आफ्नो गालाको खत हेर्दा सधैं लाहुरे भिनाजुको गालाको खतको सम्झना आइहाल्छ । यो खतलाई मेटाउन हामीले के पो गरिएन र? दुई महिनासम्म सुपारी घोटेर लगाइयो । कुमालकोटीको गोलो खोजी खोजी फुटाएर त्यसको माटोले पन्ध्रदिन सम्म छोपेर पनि हिंडियो । हरि प्रसाद डाक्टरले दिएको औषधि पनि लगाइयो । तर हाम्रा गालाका यी खत कहिले गएनन् ।

म दाह्री सफा गरिसकेर बाहिर निस्कें । त्यति नै बेला छोरीले सोधी, “बाबा, बाबा, हजुरको गालामा यो स्पट कसरी भएको?”

“बाबा सानो हुंदा साइकलबाट लडेर बाबालाई गालामा चोट लागेको छोरी । त्यही भएर यो खत लागेको ।” छोरीलाई जवाफ दिएर सन्तुष्ट त पारें । तर म कसरी भनौं उसलाई यो खत यसरी भएको भनेर । खत लगाउने उद्यम आफैंले गरिएको थियो । त्यो जवाफ पाएर छोरी खेल्न गइहाली तर आफु भने बीस वर्ष अघिका दिन सम्झन पुगें ।

-o-

२०३५ साल ताका हामी पहाडबाट बसाईं सरेर मधेश झर्‍यौं । त्यतिवेला चितवनका धेरै ठाउंहरु विकसित भैसकेका थिएनन् । नारायणगढ र भरतपुरलाई छोडेर अन्यत्रको जग्गाजमीन सस्तो थियो । पूर्व चितवनको टांडी, पर्सा, खुरखुरे र भण्डारा तथा पश्चिम चितवनको रामपुर, मेघौली, शिवनगर, पार्वतीपुर, गीतानगर जस्ता मुख्य मुख्य ठाउंहरु बाहेक अन्यत्र वस्ती वाक्लो भइसकेको थिएन । अहिले जस्तो जमीनको भाउले आकाश छोएको स्थिति थिएन । तनहुं, बाग्लुङ., पर्वत र गुल्मीका मुख्य मुख्य ठाउंहरुका थोरै जमीन बेचेको रकमले मधेशमा प्रशस्तै जमीन आउंथ्यो ।

२०२० सालसम्म पनि सित्तैमा जमीन दिंदा समेत पहाडबाट मान्छे आउन मान्दैनथे रे बसोबास गर्नलाई । “पहाडाआ टुप्पाटी मधेश भन्या होरु त्यां हो भनेर चोर औंलाले देखाउंदा नी औंलाआ टुप्पाटी औलो सर्च भनेर कोही जान मान्दैनथ्यो, बाबु”, हाम्रा पाल्पाली ठूलाबाले एक पटक कुरा गर्नुभएको थियो हामीसंग ।

२०२० साल अगाडि जसले जता ढड्डीघारी फांडेर बस्यो उसैको नाममा जग्गा जमीन दर्ता गरिदिन्थ्यो रे सरकारले । शुरु शुरुमा त पहाडमा अलिक दु:ख पाउनेहरु वा विभिन्न कारणले बस्न नसक्नेहरु मात्रै मधेश झर्ने गर्थे । शायद यही कारणले होला पछिपछि कतैकतै “पहाडको वापती, चितौनको सभापति” भन्ने सम्म उखान सुनिन्थ्यो । चितवनको मलिलो र समथर जमीनमा वस्ती बसाउने प्रयास स्वरुप सरकारले विभिन्न सहुलियत र सुविधाहरु पनि बढाएको थियो । त्यसैले गर्दा पछि पछि यीनै सुविधाहरुको लागि भनेर पनि पहाडका टाठा बाठाहरु विस्तारै मधेश बसाईं सर्न लागेका थिए । २०२८ सालमा औलो उन्मुलनको घोषणा भएपछि त चितवनमा बसाईं सर्नेहरुको बाढी नै आएको थियो । स्वभाविक रुपले विभिन्न ठाउंका मानिसहरुको भेलाले चितवनमा भाषा, भेष र रहनसहनको रोचक विविधता ल्याएको थियो ।

-o-

हामी तनहुंबाट चितवन झरेको दुई वर्ष अघि हाम्रा छिमेकी लाहुरे भिनाजुहरु बाग्लुंङ. बाट झरेका रहेछन् । गैराघरेको तीन विगाहा जमीन खरीद गरेर हामी उनकै छिमेकमा बस्यौं आनन्दपुरमा । पहिले नै आएका हुनाले उनीहरुको बन्दोवस्त भइसकेको थियो । इनार खनेर चापाकल लगाइसकेका थिए । तल शुक्रनगरतिर खेत पनि किनेका रहेछन् सस्तोमा । त्यसैले आफ्नो धान पराल बोक्न पनि हुने, खेतबारी जोत्न पनि चाहिने र फुर्सद भएमा गाउंघरको कामबाट पनि दुईचार पैसो आउने भनेर एक हल गोरु र गाडा समेत जोरिसकेका थिए ।

चितवनको भौगोलिक वनावट र वस्ती विकासको प्रकृयागत कारणले पनि साइकलको आवश्यकता हरेक परिवारमा थियो । धेरै आवश्यकता पर्नेले दुई तीनवटा साइकल समेत राखेका हुन्थे । एक घर एक साइकल अनिवार्य थियो । त्यसैले साइकल यात्राका विभिन्न झांकीहरु सडकमा प्रशस्त देखिन्थ्यो । एकातिर साइकलभन्दा होचा फुच्चेहरु, जो सिटमा बसेर चलाउन खुट्टाले पुग्दैनथ्यो, एक हातले बीचको डण्डी समातेर अर्को हातले ह्याण्डल मिलाउंदै कैंचीबाट चलाएर ओहोर दोहोर गर्दथे । अर्कोतिर दायांवायां हेर्न समेत नसकी एकोहोरो अगाडी हेर्दै विदिर्ण अनुहार लगाएर चलाउने सिखारु बुढाहरु देखिन्थे । तेस्रो वर्गमा महिला वर्गहरु पर्दथे । जनाना (लेडिज) साइकल र मर्दाना ( जेन्ट्स) साइकल भनेर आइसकेका थिएनन् । यदाकदा साडी वा स्कट लगाएर साइकल चलाउंदा विपरित दिशाबाट आएको हावाले ती वस्त्रहरु फर्काइदिएर लाजमर्नु पर्नु नियती थियो यो वर्गको । अर्को वर्ग चाहीं युवा पुरुषहरुको थियो जो एक अर्कामा कम्पिटिशन गरी गरी साइकल चलाउंथे ।

बजारमा त्यतिखेर इन्डियन हिरो साइकलको चल्ती थियो । सक्नेहरुले चाइनिज फिनिक्स साइकल चलाउंथे । लाहुरे भिनाजु र हामीले संगै साइकल किन्ने भयौं । उनीहरुले एउटा थोत्रो साइकल पोहोरै किनेर फटाइसकेका रहेछन् । त्यसकारण यसपाली उनीहरुले नयां साइकल किन्ने भए । भिनाजुको जेठो छोरो मभन्दा तीनवर्ष मात्र कान्छो थियो । भिनाजुका तीनै भाइ छोराहरु सबैले कैंचे चलाएरै साइकल सिकिसकेका थिए । भिनाजु आफु चाहीं भरखर भरखर सिक्दै थिए । थोत्रो साइकल केटाहरुले कुदाउंछन्, आफुलाई छिट्टै नबिग्रने साइकल हाल्छु भनेर उनले बजारबाट नयां साइकल किने । हाम्रो घरमा कसैलाई पनि साइकल चलाउन आउंदैनथ्यो । त्यसैले सिक्ने बेलामा थोत्रो साइकलबाटै सिक्नुपर्छ भनेर गाउंबाटै पुरानो साइकल किनियो ।

-o-

यहांनेर साइकलको प्रसंग छोडेर अलिकति अरु कुरा गरौं ।

आफु भरखर बसाईं सरेको र पुरानो मानिसहरु निम्न किसिमको जीवन निर्वाहा गरेको हुनाले पिउने पानी तथा अन्य विविध कुराहरुको लागि उनै लाहुरे भिनाजुकैमा भर पर्ने भइयो । उनीहरु र हाम्रो भाषा र शैली अचम्मसंग फरक थियो । हामीले बोलेको कुराहरु उनीहरुको लागि नौलो लाग्थ्यो भने उनीहरुको बोली कतिपय बेलामा हामी अर्थ लगाउन सक्दैनथ्यौं । कतिपय बेलामा हामी अर्थको अनर्थ लगाएर आफैं रातोपिरो पनि हुन्थ्यौं ।

“ए सानुकान्छा, जा तो तेरी आमाथिम् गवुआ मागी ल्याइ तो । ह्यां भैंसीको थुन ठन्क्यो ।” बेला बेलामा भिनाजुको यस्तो बोलीले हामीमा कुरीकुरी लाग्थ्यो ।

“ए कान्छी, खाजा खाएपार तीं आंटी परी कुन्तरीमा लेउ लाइतो ।” दिदीको बोली फुटाउन हामीलाई हम्मे पर्दथ्यो । बेलुकी हामीसंगै स्कुलबाट फर्केकी सानी छोरीलाई दिदीले अराएको केही बुझ्दैनथ्यौं हामी ।

हुन त चितवनको विकासमा यस्तै विविधताले प्रमुख भुमिका खेलेको छ । कसको भाषाभेष राम्रो, कसको रहनसहन खानदानी, कसको विगत कस्तो भन्ने कुराहरुको पछि लागेर एकअर्काको खुट्टा तानातान गरेको भए शायद चितवन अहिलेको रुपमा आउन सक्ने पनि थिएन ।

एकअर्काबाट सिक्नुपर्ने कुराहरु धेरै थिए र सिकियो पनि । तनुंगेहरु अल्छि तिघ्रो स्वादे जिभ्रो भनेजस्ता थिए । गफ चुट्न, चेपारो पारेर बोल्न र तडकभडक गर्ने कुरामा अगाडी थिए । काम गर्नमा अल्छि भएपनि शिक्षामा भने बढी नै महत्व दिन्थे । बोलीबचन असाध्यै राम्रो हुन्थ्यो । घरमा आएका ज्वाईंलाई शाही अलंकार जोडेर “ज्वाईंसाप, आइबक्स्योस्” भनेर रिझाउंथे तर छोरीलाई काम सिकाएर घरका सदस्यको मन जित्ने चाहिं बनाउंदैनथे । वाग्लुंगेहरुमा त्यस्तो थिएन । कामलाई पहिलो प्राथमिकता दिन्थे । ज्वाईंसंग बोल्दा “कत्नापाई ख्यांस्सियौ र का अन्चु” भनेर बोले पनि उनका छोरीले नै घर सम्हालेर वर्षेनी जमीन जोडिरहेका हुन्थे । यिनै विविधताहरु बीच हुर्केका नयां पुस्तामा दुवैतिरका केही असल गुणहरुले विस्तारै असर गरिरहेका थिए । पढाइ लेखाइलाई महत्व दिने मेरो आफ्नो परिवार र कडा मेहनत गर्ने लाहुरे भिनाजुको परिवारको मिश्रित छाप परेकोले नै मलाई अहिलेको स्थितिमा ल्याइपुर्याउन ठूलो भूमिका खेलेको हुनुपर्छ ।

-०-

अं त फेरी साइकलकै प्रसंगमा फर्कौं ।

साइकल चलाउन पटक्कै नजानेको भए पनि साइकल चाहिं किनियो । घर अगाडि फराकिलो घांसे सडक थियो । त्यसैमा लाहुरे भिनाजु र म बेलुकी बेलुकी संगै साइकल सिक्न थालियो । म १६ वर्षको थिएं । साइकलमा चढेर ह्याण्डल सोझ्याएर अगाडि बढाउन त बेर लागेन, तर ब्रेक लगाएर सकुशल अवतरण गर्ने कुरामा भने गाह्रो भयो । कतिचोटी टाप्रेघारीमा हुलेर टाप्रेको जंगलले ब्रेकको काम गराएं, कतिचोटी घर बनाउन थुप्राएको बालुवाको ढिस्कोमा जोतेर अड्याएं । जे जस्तो भए पनि साइकल किनेको १५ दिनमा म साइकल चलाउन सिपालु भएं ।

४० वर्षका भिनाजुलाई भने साइकल सिक्न अलिकति समय लाग्यो । उमेर खाएर अठ्ठरिएका हातले ह्याण्डल नियन्त्रणमा समस्या भयो । तर मेरो जस्तो ब्रेक लगाउन भने केही समस्या परेन । अग्ला मान्छे, अरु केही भएन भने एउटा खुट्टाले टेकेर साइकल अड्याइदिन्थे । येनकेन १५-२० दिनमा भिनाजु पनि साइकल लिएर वरिपरि कुदाउन सक्ने भए ।

के भन्नुभो? खत चाहीं कताबाट लाग्यो? तपाईंले अनुमान गर्नुभयो होला यो साइकल सिक्दाकै खत हो । हुन पनि साइकल सिक्दा एउटा सानोतिनो भएपनि चोट नलागी सिकिंदैन भनेर भन्थे मान्छेहरु । तर सिकुन्जेल न त मलाई, न त लाहुरे भिनाजुलाई नै चोट लागेको थियो । सायद नियतीलाई सानोतिनो चोटमा चित्त बुझाउनु थिएन ।

-०-

मेरो १६ वर्षे जोस । महिना दिनमा म यति साइकल कुदाउने भएं कि बजारबाट घरतिर फर्कंदा होस् वा घरबाट बजार निस्कंदा होस् कसैले मलाई साइकलमा उछिन्न हुंदैनथ्यो । त्यस्तो बेलामा कसैले मलाई उछिनेर अगाडि गयो भने बरु घर फेरी फर्केर आउंला भनेर दुई चार किलोमिटर अगाडि साइकल कुदाएरै भए पनि त्यसलाई एकचोटी उछिनेर विजेता भएर पुलुक्क नहेरी म फर्कंदैन थिएं । यसो गर्दा कतिचोटी आनन्दपुरमा घर छिर्ने मान्छे रामपुर पुगेर समेत फर्के ।

हो एकदिन त्यस्तै पर्‍यो । को कस्तो मान्छे भन्ने त केही थाहा भएन तर तेसले पछाडिबाट आएर सुईंइ्य उछिनेर गइ हाल्यो । मेरो रगत उम्लियो । दायां वायां केही नहेरी कुदाउन लागें । ४-५ किलोमिटर पर गएपछि त्यो त एक्कासी दाहिने मोडेर शिवघाट जानेबाटोतिर हानियो । आफु त्यसको लागि तयार भएसकेको थिइन । बाटोमा मोडिन लाग्दा केमा हो कुन्नि गड्याम्म भएजस्तो लागेको थियो, त्यसको दश मिनेटसम्म के के भयो थाहा पाइन । सुनसान बाटोमा भगवानको भरोसामा दश मिनेट रहेर होस आउंदा आफुलाई चिन्न नसिकने भइसकेको रहेछु । अनुहार रगतले पुरिएको थियो । दाहिने खुट्टा चलाउन सकिन । सर्ट फुकालेर अनुहारको रगत पुछेर पहिले वरिपरि अनि साइकलतिर हेरें । साइकलको अगाडि पांग्रा बांगिएछ । दाहिने पेडल भांचिएछ । झोलामा ल्याएको सामानहरु यत्र तत्र छरिएछन् ।

घटना भएको ठाउं घरबाट धेरै टाढा थिएन । एकछिन पछि मेरै साथी पराजुली रामे त्यही बाटोबाट आउंदै रहेछ । साइकल लगेर उसैले देवीलालको दोकानमा छोडेर मलाई आफ्नो साइकलको क्यारियरमा मुस्किलले अड्याएर घरसम्म लिएर आयो । घर आएर एकछिन ओखतीमूलो भयो । तर घाउ हेर्दा गहिरै देखिन्थ्यो । खुट्टा पनि चलाउनै नहुने गरी दुखेको थियो । त्यसैले औषधी उपचारको लागि भरतपुर अस्पताल जाने भइयो । अस्पताल गएर एक्सरे गरी हेर्दा खुट्टा भांचिएको रहेनछ । पांचवटा टांका लगाएर गालाको छाला टालेर फर्किइयो । त्यसको महिनादिन सम्म साइकल छुन सकिएन ।

-०-

लाहुरे भिनाजुको कुरा गरौं । उनी निकै सतर्क भएर साइकल चलाउंथे । चालिस नाघिसकेका मान्छे थिए । मेरो जस्तो उम्लंदो रगत थिएन उनीमा । तर विधिको विधान अर्कै थियो । त्यसलाई नाघेर नाघिंदैनथ्यो । त्यसैले होला मेरो दुर्घटना भएको साता दिन भित्र उनलाई पनि त्यस्तै खालको दुर्घटना परेछ ।

एकदिन लाहुरे भिनाजु कस्सिएछन् । आज त म खेतसम्म पुग्न सक्छु भनेर साइकल लिएर निस्केछन् शुक्रनगरतिर । सांच्च पुगेछन् पनि । फर्कदाखेरि शिवनगर काटेर फुलबारी चौताराको बाटो हुंदै उत्तरतिर लागेछन् । मंगलपुर आइपुग्नु अघिको ओरालोमा अलिकति कुइनेटो परेकोले भिनाजुले अर्कोतिरबाट बस आइरहेको देखेनछन् । ओरालोको बीचतिर आइपुग्दा तलबाट हुंइकिंदै बस आइपुगेछ । उकालोमा गियर लाउन नपरोस् भनेर बस पनि कुदाउंदै आएको रहेछ । सांघुरो बाटो, भिनाजु भरखर साइकल सिकेका, आफु ओरालोमा परेका, अनि बसले हिर्काउला जस्तो गरी बाटो च्यापेर आउंदा त पुरै अत्तालिएछन् । अनि कताको ब्रेक लगाउनु, कताको बाटो छोड्नु? भिनाजु साइकल सहित बाटोबाट आठ फिट तल खेतमा खसेर वेहोस भएछन् । तुरुन्तै वरिपरिका मान्छेहरु जम्मा भएछन् र तिनीहरुमध्येको एकजनाले भिनाजुलाई चिनेकोले होस खुलेपछि घरसम्म ल्याइदिएछन् ।

गाउंमा हामी दुवैजनाको चोटको चर्चा निकै भयो । दुवै जनाको चोट सन्चो हुन निकै समय लाग्यो । अनि सन्चो भएर पनि गालाको खत चाहिं दुवै जनाको हराएन ।

-०-

छोरी साथीहरुसंग खेल्न कुदेपछि फेरी एकचोटी अनुहार हेरें ऐनामा । लाहुरे भिनाजुका गालाको खतको पनि सम्झना भयो । कता होलान् ती लाहुरे भिनाजु अहिले? कस्ता भए होलान्? बुढेसकालमा उनको गालाको खत कस्तो देखिंदो हो? लाहुरे भिनाजुलाई सम्झंदा उनको घटना वर्णनका शब्दहरु कानमा फेरी गुन्जे जुन आज बीस वर्ष पछि पनि एक एक शब्द बिर्सन सकेको छैनः

"तेत्थेर साइकलमा उत्लाडी म आइर्थी । बस एत्नाडी गईर्थ्यो । पराटै थाम्थाम् त भनीत्तें नि । एकैमास ह्वाईंयं ल्याअर हवांक्क पारीत्यो म त चर्लम्मै ।"

*अवर्न विश्वविद्यालय, अलावामा*
*अक्टोबर १२, २००३*